## सम्वत् २०८२ साल पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. सहसचिव, नारायण प्रसाद रिसाललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने तथा निजलाई अर्को व्यवस्था नभएसम्मको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रदेश सचिवको समेत कामकाज गर्न तोक्ने।

२. कोशी जनता आवास कार्यक्रम कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयः सम्पन्न आयोजना हस्तान्तरण कार्यविधि, २०८२ स्वीकृत गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन (Geep) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" स्वीकृत गर्ने।

## सम्वत् २०८२ साल पुस २० गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. सहसचिव, पशुपति ढुंगानालाई उद्योग, कृषि तथा सहकारी मन्त्रालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

२. खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालयः प्रदेश सिँचाई (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

## सम्वत् २०८२ साल पुस २४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीको संयोजकत्वमा राजनीतिक तथा प्रशासन समिति, आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्र मणि पराजुलीको संयोजकत्वमा कानुन, न्याय तथा प्रदेश मामिला समिति र भौतिक पूर्वाधार विकास मन्त्री प्रदिपकुमार सुनुवारको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति गठन गर्ने।

२. कोशी प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२ लाई प्रदेश मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

३. अर्को व्यवस्था नभए सम्मको लागि आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय इन्द्र मणि पराजुलीलाई कोशी प्रदेश, प्रदेश सरकारको प्रवक्ता तोक्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*